# वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान बुलेटिन
# सेरोफेरो
# SEROPHERO

अंक १९-२०८०।०८।१६ २०८० चैत्र


## Statement of patients flow for the month of Falgun 2080

| OPD | Total Reg | Fullow up Within 10 days (~25%) | Grand Total |
|---|---|---|---|
| GENERAL PRACTICE & EMERGENCY MEDICINE | 2953 | 738 | 3691 |
| SPECIAL OPD | | | |
| PAEDIATRICS & ADOLESCENT MEDICINE | 3421 | 855 | 4276 |
| INTERNAL MEDICINE | 7578 | 1895 | 9473 |
| OBSTETRICS & GYNAECOLOGY | 4990 | 1248 | 6238 |
| SURGERY | 4933 | 1233 | 6166 |
| CARDIOLOGY | 1894 | 474 | 2368 |
| GASTRO-ENTEROLOGY & HEPATOLOGY | 1170 | 293 | 1463 |
| PULMONARY,CRITICAL CARE & SLEEP MEDICINE | 737 | 184 | 921 |
| DENTAL | 2649 | 662 | 3311 |
| DERMATOLOGY & VENEREOLOGY | 3620 | 905 | 4525 |
| ENT OTORHINOLARYNGOLOGY & HEAD & NECK SURGERY | 3336 | 834 | 4170 |
| OPHTHALMOLOGY | 1509 | 377 | 1886 |
| ORTHOPAEDICS | 1561 | 1290 | 6451 |
| PSYCHIATRY | 1863 | 466 | 2329 |
| OTHER DEPARTMENT in Midas software ( Come for Investigation purpose only) | 822 | 206 | 1028 |
| CARDIO THORACIC AND VASCULAR SURGERY (CTVS) | 95 | 24 | 119 |
| ANAESTHESIOLOGY & CRITICAL CARE | 49 | 12 | 61 |
| **Sub Total** | **43829** | **10957** | **54786** |
| EMERGENCY | | | |
| CENTRAL | 3502 | 0 | 3502 |
| GYNAE /OBSTETRICS | 769 | 0 | 769 |
| PAEDIATRIC | 1386 | 0 | 1386 |
| **Sub Total** | **5657** | **0** | **5657** |
| **Grand Total :** | **52439** | **11696** | **64135** |
| Paying (EHS) | 3327 | | |
| Nepal Govt Social Insurance | 26927 | | |
| Other Scheme | 25512 | | |
| **Ward IPD** | **3306** | | |
| *ICU/CCU/PCCU/IMCCU/SICU* | **219** | | |
| *NICU/PICU/MICU/Nursery* | **116** | | |
| *Dialysis* | **1544** | | |

***Source: Medical Record Section / Matron Office***

## उपकुलपति डा.ज्ञानेन्द्र गिरीज्यूबाट पद बहाली



प्रतिष्ठानका उपकुलपति डा.ज्ञानेन्द्र गिरीज्यूले विशेष अदालतबाट सफाई पाए पश्चात २०८० फाल्गुण १७ गतेदेखि प्रतिष्ठानमा हाजिर भई उपकुलपतिको पद बहाल गर्नु भएको छ ।

वहाँले प्रतिष्ठान प्रवेश गर्दै गर्दा प्रतिष्ठानका शिक्षाध्यक्ष, रजिष्ट्रार, अस्पताल निर्देशक, डीनहरु, डेपुटी अस्पताल निर्देशकहरु, बिभागीय प्रमुखहरु, महाशाखा-शाखा प्रमुखहरु, शिक्षकहरु, कर्मचारीहरु लगायत विद्यार्थीहरुबाट फुलमाला, खादा तथा पुष्पगुच्छाले भव्य रुपमा स्वागत गरिएको थियो ।

उक्त अवसरमा पत्रकार तथा नागरिक समाजका अगुवाहरुको समेत उल्लेखनीय उपस्थिती रहेको थियो ।

उपकुलपतिज्यूले आफ्नो कार्यकक्षमा पदबहाली गर्दै गर्दा आफु पहिले पनि सधै प्रतिष्ठानको सर्वोपरी हित र विकासमा कार्य गर्दै आएको र भविष्यमा पनि सधै गर्दै रहने बारे दृढ संकल्पित रहेको बताउनु भयो ।

## प्रतिष्ठानको केही महत्वपूर्ण पदहरुमा नियुक्ती

प्रतिष्ठानको केही महत्वपूर्ण पदहरुमा उपकुलपति डा.ज्ञानेन्द्र गिरीज्यूले नियुक्ती गर्नु भएको छ ।



यसक्रममा वहाँले चाइल्ड हेल्थ नर्सिङ्ग बिभागका प्रमुख प्रा.रमानन्द चौधरीलाई कलेज अफ नर्सिङ्गको चिफको पदमा नियुक्त गर्नुभएको छ ।

प्रा.चौधरीको कार्याकाल २०८० चैत्र १ गतेदेखि दुई वर्षका लागि हुनेछ । यस अघि उक्त पदमा मेटर्नल हेल्थ नर्सिङ्ग बिभागकी प्रा.निर्मला पोखरेलले जिम्मेवारी सम्हाल्दै आउनु भएको थियो ।

### हार्दिक अनुरोध

समाचारजन्य जानकारी, कार्यक्रम, स्वास्थ्य सम्बन्धी लेख, रचना आदि सूचना तथा संचार केन्द्रमा उपलब्ध गराई दिनुहुन सम्पूर्ण शिक्षक, चिकित्सक, कर्मचारी, विद्यार्थीवर्ग एवम् सम्बद्ध सबैमा हार्दिक अनुरोध गर्दछौं । कृपया आफ्ना सामाग्रीहरुको Soft copy पठाउँदा Kantipur Font मा पठाई दिनुहुन पनि अनुरोध गर्दछौं ।

- सूचना तथा सञ्चार केन्द्र



त्यसैगरी, सि.टि.भि.एस. विभागका एसोसिएट प्रोफेसर तथा प्रमुख डा. लोकेश शेखर जयसवाल, रिक्त रहेको डेपुटी अस्पताल निर्देशकको पदमा नियुक्त हुनु भएको छ । वहाँको कार्यकाल २०८० फाल्गुण २१ गतेदेखि दुई वर्षका लागि हुनेछ ।



प्रतिष्ठानको सह-प्रवक्तामा पेडियाट्रिक्स विभागका एसिस्टेन्ट प्रोफेसर डा. अरुण कुमार सिंह नियुक्त हुनु भएको छ । वहाँको कार्यकाल २०८० फाल्गुण १६ गतेदेखि दुई वर्षका लागि हुनेछ । वहाँलाई तत्कालिन का.मु. उपकुलपति प्रा.डा. प्रहलाद कार्कीले नियुक्त गर्नुभएको हो । यस अघि उक्त पदमा एनाटोमी विभागका एसिस्टेन्ट प्रोफेसर डा. चुरामणी पोखरेलले जिम्मेवारी सम्हाल्दै आउनु भएको थियो ।

प्रतिष्ठानको कलेज अफ नर्सिङ्गको चिफ, डेपुटी अस्पताल निर्देशक तथा सह-प्रवक्ता जस्तो महत्वपुर्ण पदहरुमा नियुक्त हुनु भएकोमा वहाँहरुलाई हार्दिक बधाई सहित सफल कार्यकालका लागि सूचना तथा सञ्चार केन्द्र शुभकामना व्यक्त गर्दछ ।

## शैक्षिक सत्र २०२४-२०२५ को स्नातक तहको भर्ना प्रकृया तथा अभिमुखिकरण कार्यकम सम्पन्न

प्रतिष्ठानमा पठन पाठन हुने स्नातक तहको विभिन्न कार्यकमहरुमा अध्ययनका लागि आउने विद्यार्थीहरुको भर्ना प्रकृया सम्पन्न भएको छ । उक्त प्रकृया अनुरुप चिकित्सा शिक्षा आयोगबाट लिइएको प्रवेश परीक्षा उत्तिर्ण गरी मेरिटका आधारमा भर्ना हुन आउने अन्तिम मिति २०८० चैत्र २ गते (तदनुसार १५ मार्च २०२४) रहेको थियो । सो मिति सम्ममा एम.बी.बी.एस. तर्फ १ सय मध्ये १ सय सिटमा, बी.डी.एस. तर्फ ५० मध्ये ५० सिटमा तथा बी.एस्सी. नर्सिङ्ग तर्फ ४० मध्ये ४० सिटमा नै भर्ना भएको छ भने मिडवाइफरी साइन्स तर्फ २० मध्ये ११ सिटमा, बी.एस्सी.एम.एल.टी तर्फ १० मध्ये नौ सिटमा, बी.एस्सी.एम.आइ.टी. तर्फ १० मध्ये सात सिटमा तथा बी. पर्फ्यूजन मा दुई सिट मध्ये दुई सिटमा विद्यार्थीहरु भर्ना भएका छन् ।

हरेक वर्ष झैं यस वर्ष पनि भर्ना हुन आएका नयाँ विद्यार्थीहरुका लागि शैक्षिक महाशाखाद्वारा एक अभिमुखिकरण कार्यक्रमको आयोजना गरिएको थियो । प्रतिष्ठानमा संचालित स्नातक तहका सम्पूर्ण शैक्षिक कार्यक्रमहरुमा भर्ना हुन आएका नयाँ विद्यार्थीहरुले प्रतिष्ठानको शैक्षिक नीति तथा प्रणाली, प्रतिष्ठानले दिने गरेको स्वास्थ्य सेवाका साथै अन्य जानकारी आधारभूत रुपमा हासिल गरुन् भन्ने उद्देश्यले आयोजित उक्त अभिमुखिकरण कार्यक्रम २०८० माघ २९ देखि फाल्गुण २ सम्म संचालन गरिएको थियो । प्रतिष्ठानको अडिटोरियम, सेन्ट्रल लाइब्रेरी, डेन्टल कलेज एम.डी.एल.टी., मेडिकल कलेज ब्लक लेक्चर थिएटर, नर्सिङ्ग कलेज लेक्चर थिएटर गरी विभिन्न स्थानमा सो अभिमुखिकरण कार्यक्रमको आयोजना गरिएको थियो ।

त्यसैगरी प्रतिष्ठानमा पठन पाठन हुने स्नातकोत्तर तहको विभिन्न कार्यक्रमहरुमा अध्ययनका लागि आउने विद्यार्थीहरुको भर्ना प्रकृया २०८० फाल्गुण ११ गतेदेखि चलिरहेको छ । उक्त भर्ना प्रकृया अनुरुप चिकित्सा शिक्षा आयोगबाट लिइएको प्रवेश परीक्षा उत्तिर्ण गरी मेरिटका आधारमा भर्ना हुन आउने अन्तिम मिति २०८१ बैशाख ६ गते (तदनुसार १८ अप्रिल, २०२४) रहेको छ । यसक्रममा हालसम्म फ्याकल्टी अफ मेडिसिनका साथै अस्पताल प्रशासन अन्तर्गतको एम.डी./एम.एस. तर्फको १ सय मध्ये ७० सिटमा, एम.डी.एस. तर्फ १८ मध्ये १८ सिटमा नै विद्यार्थी भर्ना भैसकेका छन् । त्यसैगरी एम.एस्सि. नर्सिङ्ग तर्फ २६ मध्ये २१ सिटमा, एम.पी.एच. तर्फ १५ मध्ये १२ सिटमा तथा एम.एस्सि. बेसिक साइन्स तर्फ ४ मध्ये ३ सिटमा विद्यार्थी भर्ना भैसकेका छन् ।

## प्रतिष्ठानमा World Oral Health Day 2024 मनाइयो



हरेक वर्ष मार्च २० का दिन विश्वभरी नै मनाइने "विश्व मुख स्वास्थ्य दिवस (World Oral Health Day)" यस वर्ष पनि प्रतिष्ठानको कलेज अफ डेन्टल सर्जरीमा विभिन्न जनचेतनामूलक कार्यक्रमहरु गरी मनाइयो । **"स्वस्थ मुख, स्वस्थ शरिरको आधार"** यस वर्षको नारा रहेको उक्त कार्यक्रम सर्वप्रथम दन्त चिकित्साका शिक्षक, चिकित्सक, कर्मचारी, विद्यार्थीहरुले ब्यानर तथा सूचनामूलक प्लेकार्डहरु बोकि र्‍याली निकाली प्रारम्भ भएको थियो । सो र्‍यालीले **"स्वस्थ मुख, स्वस्थ्य शरिरको आधार"** भन्ने सन्देश समुदाय समक्ष प्रवाह गरेको थियो ।




दन्त चिकित्साका विभिन्न वर्षमा अध्ययनरत विद्यार्थीहरुको आयोजना तथा पब्लिक हेल्थ डेन्टिष्ट्री विभागको संयोजनमा सम्पन्न उक्त कार्यक्रममा दन्त चिकित्साका चिकित्सकहरु तथा विद्यार्थीहरुले फोटो, पोष्टर, ई-पोष्टर, भिडियो, आर्टिकलहरु प्रदर्शनी तथा प्रतिष्प्रर्धा गरेका थिए । प्रतिष्प्रर्धामा आर्टिकल तर्फ प्रेम कुमारी थापा, अनीष भुषाल तथा श्रेया तिमिल्सिना क्रमशः

प्रथम, दोश्रो र तेश्रो भएका थिए । फोटाग्राफी तर्फ डा.सुनिता सोनी, कृष्ण कुमार यादव तथा प्रकान्सु पण्डित क्रमश: प्रथम, दोश्रो र तेश्रो भएका थिए। त्यसैगरी पोष्टर तर्फ सुदिप सोनी, विश्वनाथ बानिया तथा प्रकान्सु पण्डित क्रमश: प्रथम, दोश्रो र तेश्रो भएका थिए भने ई-पोष्टर तर्फ याश पूर्वे, देवेन्द्र चौधरी तथा विश्वनाथ बानिया क्रमश: प्रथम, दोश्रो र तेश्रो भएका थिए । कार्यक्रममा विद्यार्थीहरुले नाटक, Face Paint तथा Flash Mob समेत प्रस्तुत गरेका थिए ।

कार्यक्रममा स्वागत मन्तव्य दिंदै, स्वस्थ मानव जीवनका लागि मुखको स्वास्थ्य पनि अत्यन्तै आवश्यक रहेको र मुख नै स्वस्थ नरहे शरिर पनि स्वस्थ्य नरहने हुँदा यसको सुरक्षाका निम्ति जनचेतना फैलाउनु अपरिहार्य रहेकोले यसका लागि दन्त चिकित्सक, विद्यार्थी एवम् सर्वसाधारणको समेत महत्वपूर्ण भूमिका रहने बारे कलेज अफ डेन्टल सर्जरीका चिफ तथा पब्लिक हेल्थ डेन्टिस्ट्री विभागका प्रमुख प्रा.डा. आशिष श्रेष्ठले बताउनु भयो । यसका लागि चाल्नुपर्ने आवश्यक कदमहरु चाल्दै आएको र भविष्यमा पनि यसले निरन्तरता पाइरहने वहाँले बताउनु भयो । कार्यक्रममा पेरियोडोन्टोलोजी बिभागका डा.सजिव श्रेष्ठले धन्यवाद मन्तव्य दिनुभएको थियो ।

भव्यरुपमा सम्पन्न उक्त कार्यकमबाट सर्वसाधारणले मुख सम्बन्धी स्वास्थ्य बारे जनचेतनामूलक जानकारी प्राप्त गरी लाभान्वित भएको अनुभव सुनाए ।

## International Diabetes & Endocrinology सम्बन्धी CME कार्यक्रम सम्पन्न

प्रतिष्ठानको बालरोग बिभागको आयोजनामा २०८० चैत्र ५ गते प्रतिष्ठानको अडिटोरियममा बच्चाहरुमा हुने मधुमेह रोग सम्बन्धी "International Diabetes & Endocrinology" शिर्षकमा एक दिने CME कार्यक्रम सम्पन्न भएको छ । प्रतिष्ठानकी सहायक डीन डा.विम्मी सिंह, प्रा.डा.निलाम्बर झा लगायत शिक्षकहरु, चिकित्सकहरु, विद्यार्थीहरु, नसिङ्ग कर्मचारीहरु गरी १५० भन्दा बढीको उपस्थिती रहेको उक्त कार्यकममा बालरोग बिभागकी प्रमुख प्रा.डा.निशा केशरी भट्टले स्वागत मन्तव्य दिनु भएको थियो ।



उक्त कार्यक्रममा विशिष्ट वक्ताका रुपमा जापानको टोकियो स्थित निहोन विश्वविद्यालयका प्रा.डा. तात्सुहिको उराकामी उपस्थित हुनुभएको थियो । वहाँले "Mitochondrial Diabetics/ MODY" तथा "Treatment strategy for children with type I and type II diabetics" विषयमा संभाषण दिनु भएको थियो । त्यसैगरी प्रतिष्ठानको इन्टर्नल मेडिसिन विभागका प्रमुख तथा इन्डोकाइनोलोजिष्ट डा.रबिन मास्केले "ABCD of Diabetes" विषयमा संभाषण दिनु भएको थियो ।



संभाषण पश्चात् प्रश्नोत्तर तथा छलफलका साथै मधुमेहका विरामीहरु सँग अन्तकिया तथा जागरुकतामूलक कार्यकम राखिएको थियो । अन्त्यमा, कार्यकमका संयोजक डा.अरुण कुमार सिंहले उपस्थित सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

कार्यकमको समाप्ती पश्चात् प्रा.डा.उराकामीसँग प्रतिष्ठानका उपकुलपति डा.ज्ञानेन्द्र गिरीज्यूले आफ्नो कार्यकक्षमा भेट गरी छलफल गर्नुभएको थियो । सो अवसरमा प्रा.डा.उराकामीले कार्यकमका तर्फबाट उपकुलपतिलाई मायाको चिनो प्रदान गर्नु भएको थियो ।

## Bioethics सम्बन्धी अभिमुखिकरण कार्यकम सम्पन्न



Nepal Unit of International Chair in Bioethics को आयोजना तथा Students' Bioethics Wing, BPKIHS को संयोजनमा प्रतिष्ठानमा भर्ना भएका नयाँ विद्यार्थीहरुका लागि Bioethics सम्बन्धी अभिमुखिकरण कार्यकम प्रतिष्ठानको अडिटोरियममा सम्पन्न भएको छ । मिति २०८० फाल्गुण १८ गते सम्पन्न उक्त कार्यकममा विद्यार्थी र शिक्षक गरी १ सय ५० भन्दा बढीको सहभागिता रहेको थियो ।

Nepal Unit of International Chair in Bioethics का प्रमुख तथा प्रतिष्ठानको मानसिक रोग बिभागका प्रमुख प्रा.डा. धनरत्न शाक्यको सभापतित्वमा सम्पन्न उक्त कार्यकमको संचालन Students' Wing की सचिव रिचा कोइरालाले गर्नुभएको थियो । कार्यकममा डा.अशोक ऐरेले स्वास्थ्य विज्ञानमा अपनाउनु पर्ने नीतिगत सिद्धान्त बारे प्रकाश पार्नुभएको थियो भने डा. सरुन कोइरालाले Nepal Unit बारे जानकारी गराउनु भएको थियो । त्यसैगरी, Students' Wing का प्रमुख सल्मान हैदरले सो Wing का बारेमा अवगत गराउदै सोको महत्व बारे दर्शाउनु भएको थियो । अन्त्यमा, Key Note मन्तव्य दिँदै प्रा.डा. शाक्यले कार्यकमको समापन गर्नु भएको थियो ।

स्वास्थ्य विज्ञानको क्षेत्रमा पदार्पण गरेका विद्यार्थीहरुले Ethics, Bioethics, Medical Ethics लगायत Nepal Unit तथा Students' Wing को बारेमा उक्त कार्यकमबाट सुसुचित भएको जानकारी दिएका थिए ।

## पाँच वर्षे बालकको आँखाको जटिल शल्यक्रिया सम्पन्न



प्रतिष्ठानमा एक पाँच वर्षे बालकको आँखामा छिरेको काठको चोके जटिल शल्यक्रिया गरि सफलतापुर्वक निकालिएको छ । प्रतिष्ठानको सर्जरी बिभाग, आँखा बिभाग तथा एनेस्थेसियोलोजी बिभागको संयुक्त टोलीले मिति २०८० फाल्गुण ७ गते सो शल्यक्रिया गरेको थियो । उक्त बालक पिङ्ग खेल्नेक्रममा लड्दा आँखिभौं र दाइने आँखाको गेडीको माथिल्लो भागको बिचबाट सो चोके छिरेको थियो।

निजलाई पहिला विराटनगरको एक अस्पतालमा लगी त्यहाँबाट रेफर भई घटना भएको नौ घण्टा पछि मात्र प्रतिष्ठानमा ल्याइएको थियो । आँखामा छिरेको चोके रहकै अवस्थामा प्रतिष्ठानको इमेर्जेन्सीमा ल्याउँदा ती बालक अचेत अवस्थामा थिए भने चोके छिरेको ठाउँबाट रक्तश्राव भइरहेको थियो । तत्पश्चात् आवश्यक जाँच गरी बालकलाई तुरुन्त शल्यक्रिया कक्षमा लगिएको थियो । शल्यक्रियाको क्रममा न्यूरो सर्जरी तर्फ Mini Craniotomy & Duroplasty Surgery गरि सो चोकेलाई निकालिएको थियो भने आँखा तर्फ Lid Constructive Surgery गरिएको थियो ।

शल्यक्रिया पश्चात् तीन दिन आई.सि.यू. मा राखी बिरामीको अवस्थामा क्रमिक सुधार हुँदै जाँदा वार्डमा सारिएको थियो। वार्डमा १० दिन उपचार गराए सँगै बिरामीले राम्रोसँग आँखा देख्ने भई अन्य स्वास्थ्य अवस्था पनि सामान्य हुँदै गए पश्चात् बालकलाई डिस्चार्ज गरिएको थियो ।

उक्त शल्यक्रिया सर्जरी बिभागका न्यूरो सर्जन डा.आलोक दाहाल, एसिस्टेन्ट प्रोफेसरको नेतृत्वमा भएको हो ।

## ALUMNI OF BPKIHS
### डा.बिरेन्द्र प्रसाद साहः एक परिचय



डा.बिरेन्द्र प्रसाद साह प्रतिष्ठानको एम.बि.बि.एस. १९९५ ब्याचका विद्यार्थी हुनुहुन्छ र सन् २००१ मा एम.बि.बि.एस. उत्तिर्ण गर्नुभएको हो । वहाँले संयुक्त राज्य अमेरिकाको न्यू योर्क स्थित SUNY Upstate Medical University बाट सन् २००८ मा Internal Medicine Residency गर्नुभएको हो । त्यसैगरी वहाँले सोही University बाट तीन वर्षको Pulmonary Critical Care Fellowship गर्नुभएको छ भने वहाँले FCCP (Fellow of American College of Chest Physician) पनि गर्नुभएको छ । वहाँले धेरै पुस्तकहरुमा Sarcoidosis विषयमा लेखहरु लेख्नु भएको छ ।

वहाँ अध्ययनको क्रममा अमेरिका पुग्नु भई सन् २०११ मा आफ्नो अध्ययनको समाप्ती पश्चात् आफुले अध्ययन गरेको University मा नै Pulmonary & Critical Care Medicine विभागको Clinical Assistant Professor of Medicine को हैसियतले सेवा प्रवेश गर्नु भएको हो । तत्पश्चात् ECMO Specialist, Director of Sarcoidosis Clinic, Medical Director of ICU को हैसियतले जिम्मवारी सम्हाल्दै आउनुभएको छ भने Pulmonary & Critical Care Medicine विभागको Clinical Associate Professor of Medicine रहनु भएको छ ।

वहाँ सन् २००६ देखि २०१६ सम्म American Thoracic Society (ATS) को सदस्यता प्राप्त गर्नु भएको थियो भने सन् २००८ देखि हालसम्म American College of Chest Physicians (ACCP) को, सन् २०१५ देखि हालसम्म Pulmonary artery hypertension association को तथा सन् २०१८ देखि हालसम्म World Association of Sarcoidosis and Other Granulomatous Disease (WASOG) को सदस्यता प्राप्त गर्नुभएको छ । त्यसैगरी वहाँ New York State Medical License को सदस्य हुनुहुन्छ भने Nepal Medical Council को स्थायी सदस्य हुनुहुन्छ ।

वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका पूर्व विद्यार्थी डा.साहले यसरी राष्ट्रिय/अन्तर्राष्ट्रिय मञ्चमा चिकित्सा शिक्षा र सेवाको क्षेत्रमा पाएको उपलब्धी र लोकप्रियताले प्रतिष्ठानको समेत ख्याति फैलाउन सहयोग पुर्याएकोमा प्रतिष्ठान परिवार वहाँलाई धन्यवाद व्यक्त गर्दै उज्वल भविष्यका लागि शुभकामना व्यक्त गर्दछ।

## ALUMNI OF BPKIHS
### प्रा.डा.अंकुर शाहः एक परिचय



प्रा.डा.अंकुर शाह प्रतिष्ठानको एम.बि.बि.एस. १९९७ ब्याचका विद्यार्थी हुनुहुन्छ र सन् २००२ मा एम.बि.बि.एस. उत्तीर्ण गर्नुभएको हो । वहाँले भारतको मेंगलुरु स्थित Kasturba Medical College बाट सन् २००६ मा रेडियो डाइग्नोसिस एण्ड इमेजिङ्ग विषयमा स्नातकोत्तर (MD) गर्नुभएको छ ।

आफ्नो स्नातकोत्तर अध्ययन पश्चात् प्रा.डा.शाहले सन् २००६ देखि २०११ सम्म जनकपुर स्थित जानकी मेडिकल कलेजको रेडियोलोजी विभागको एसिस्टेन्ट प्रोफेसर तथा विभागीय प्रमुखको हैसियतले कार्य गर्नु भयो भने सोही समयमा वहाँ मिथिला अस्पताल प्रा.लि.को Medical/Managing Director को रुपमा समेत कार्यरत हुनु हुन्थ्यो । त्यसैगरी, केही समय वहाँले काठमाडौं स्थित Neuro Hospital (NINAS) को Consultant Radiologist तथा वीरगंज स्थित National Medical College को Visiting Assoc. Professor को हैसियतले कार्य गर्नु भयो । तत्पश्चात् काठमाडौं स्थित Everest Hospital Pvt. Ltd. मा Medical/Managing Director तथा Kist Medical College मा रेडियोलोजी विभागको प्राध्यापकको हैसियतले लामो समय अध्यापन तथा सेवा गर्नु भयो ।

हाल वहाँ मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको उपकुलपतिको हैसियतले कार्यरत हुनुहुन्छ । उपकुलपति हुनुभन्दा पहिले वहाँले सो प्रतिष्ठानको शिक्षाध्यक्ष तथा का.मु. उपकुलपतिको जिम्मेवारी सफलतापूर्वक सम्हाली सक्नु भएको छ ।

वहाँले नेपाल मेडिकल काउन्सिल जस्तो गरिमामय संस्थाको Executive Member पदमा रहि सन् २०१३ देखि २०२१ सम्म सफलतापुर्वक कार्य गर्नु भयो ।

वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका पूर्व विद्यार्थी डा.शाहले यसरी राष्ट्रिय/अन्तर्राष्ट्रिय मञ्चमा चिकित्सा शिक्षा र सेवाको क्षेत्रमा पाएको उपलब्धी र लोकप्रियताले प्रतिष्ठानको समेत ख्याति फैलाउन सहयोग पुर्याएकोमा प्रतिष्ठान परिवार वहाँलाई धन्यवाद व्यक्त गर्दै उज्वल भविष्यका लागि शुभकामना व्यक्त गर्दछ ।

## Paying OPD Schedule of B.P. Koirala Institute of Health Sciences, Dharan, Nepal

| Department | Sunday | Monday | Tuesday | Wednsday | Thursday | Friday |
|---|---|---|---|---|---|---|
| Psychiatry | Dr.Sanjeev Kumar Mishra | Dr.Suren Limbu | Prof.Dr.Dhana Ratna Shakya | Dr.Suraj Nepal | Dr. Madhur Basnet | |
| Orthopaedics | Prof.Dr.Guru Psd. Khanal | Prof.Dr.Raju Rijal | Prof.Dr.Bikram P. Shrestha | Prof.Dr.Guru Psd. Khanal | Prof.Dr.Bikram P. Shrestha | Dr.Rajiv Maharjan |
| | Prof.Dr.Pashupati Chaudhary | Dr.Prosan P. Shah Kalawar | Dr.Rajiv Maharjan | Prof.Dr.Pashupati Chaudhary | Prof.Dr.Raju Rijal | Dr.Amit Limbu |
| | Dr.Pramod Baral | Dr.Jitendra Shah | Dr.Amit Limbu | Dr.Pramod Baral | Dr.Prosan P. Shah Kalawar | |
| | Dr.Ashish Pandey | Dr.Yam Bdr. Gurung | | Dr.Ashish Pandey | Dr.Jitendra Shah | |
| Internal Medicine | Dr.Bhupendra Shah | Dr.Robin Maskey | Dr.Bhupendra Shah | Dr.Bhupendra Shah | Dr.Robin Maskey | Dr.Bhupendra Shah |
| | | Dr.Bhupendra Shah | | | Dr.Bhupendra Shah | |
| Cardiology | | Dr.Navin Pandey | | Dr.Navin Pandey | Dr.Navin Pandey | |
| Gastroenterology | Dr.Sandip Raj Bajracharya | Dr.Sandip Raj Bajracharya | Dr.Sandip Raj Bajracharya | Dr.Sandip Raj Bajracharya | Dr.Sandip Raj Bajracharya | Dr.Sandip Raj Bajracharya |
| Pulmonary, Critical Care and Sleep Medicine | Dr.Rejina Shahi | Dr.Rejina Shahi | Dr.Rejina Shahi | Dr.Rejina Shahi | Dr.Rejina Shahi | |
| General Surgery | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Rupesh P. Sah/ Dr.Abhijeet Kumar// Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Rupesh P. Sah/ Dr.Abhijeet Kumar/ Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Rupesh P. Sah/ Dr.Abhijeet Kumar/ Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Rupesh P. Sah/ Dr.Abhijeet Kumar/ Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Rupesh P. Sah/ Dr.Abhijeet Kumar/ Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | =Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Rupesh P. Sah/ Dr.Abhijeet Kumar/ Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle |
| GI Surgery | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary |
| | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo |
| CTVS | Dr.Lokesh Shrekhar Jaiswal | Dr.Lokesh Shrekhar Jaiswal | Dr.Lokesh Shrekhar Jaiswal | Dr.Lokesh Shrekhar Jaiswal | Dr.Lokesh Shrekhar Jaiswal | Dr.Lokesh Shrekhar Jaiswal |
| | Dr.Bajay Sah | Dr.Bajay Sah | Dr.Bajay Sah | Dr.Bajay Sah | Dr.Bajay Sah | Dr.Bajay Sah |
| ENT | Dr.Shankar P. Sah | Dr.Sudeep Mishra | Dr.Deepak Paudel | Dr.Paras Raj Amatya | Dr.Shyam Thapa Chettri | |
| Dertamatology | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | |
| GP & Emergency Medicine | Dr.Rajani Giri | Dr.Rabin Bhandari | Dr.Rabin Bhandari | Dr.Ashok Yadav | Dr.Ajay K. Yadav | |
| | Dr.Ajay K. Yadav | Dr.Masum Paudel | Dr.Masum Paudel | Dr.Pramendra P. Gupta | Dr.Ritesh Chaudhary | |
| | Dr.Ritesh Chaudhary | Dr.Ashok Yadav | Dr.Rajani Giri | Dr.Bajaya Devi Aryal | Dr.Vijay K. Shrivastaw | |
| | Dr.Bijaya Devi Aryal | Dr.Pramendra P. Gupta | Dr.Vijaya K. Shrivastaw | | | |
| Obstetrics & Gynaecology | Dr.Pappu Rijal | Dr.Pappu Rijal | Dr.Achala Thakur | Dr.Achala Thakur | Dr.Baburam Dixit Thapa | Dr.Baburam Dixit Thapa |
| | Dr.Punita Yadav | Dr.Manoj Kumar Sah | Dr.Surya Psd. Rimal | Dr.Jyotsna Yadav | Dr.Ramesh Shrestha | |
| Paediatrics | Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh Bhatta | Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh Bhatta | Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh Bhatta | Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh | Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh Bhatta | Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh Bhatta |

***Source: Hospital Administration/Concerned Departments***

## OT Schedule of B.P. Koirala Institute of Health Sciences, Dharan, Nepal

| Department | Sunday | Monday | Tuesday | Wednesday | Thursday | Friday |
|---|---|---|---|---|---|---|
| Ophthalmology (Eye) | Dr.Shailesh Mani Pokharel | Prof.Dr. Poonam Lavaju | | Prof.Dr.Poonam Lavaju | Dr.Santosh Chaudhary | Prof.Dr.Poonam Lavaju |
| | Dr.Santosh Chaudhary | Dr.Sangita Shah | | Dr.Shailesh Mani Pokharel | | Dr.Sangita Shah |
| Orthopedics | TEAM – C | Rotation | TEAM – B | Rotation | TEAM - A | Rotation |
| | Prof.Dr.Bikram Psd. Shrestha | | Prof.Dr.Raju Rijal | | Prof.Dr.Guru Prasad Khanal | |
| | Dr.Rajiv Maharjan | | Dr.Rosa Prasad Shah Kalawar | | Prof.Dr.Pashupati Chaudhary | |
| | Dr.Amit Limbu | | Dr. Jitendra Shah | | Dr.Pramod Baral | |
| | | | Dr.Yam Bdr. Gurung | | Dr.Ashish Pandey | |
| General Surgery | Prof.Dr.Rakesh Kr. Gupta | Dr.Suresh Psd. Sah | Prof.Dr.Rakesh Kr. Gupta | Dr.Suresh Psd. Sah | Prof.Dr.Rakesh Kr. Gupta | |
| | Dr.Rikesh Jung Karki | Dr.Sharada Khadka | Dr.Rikesh Jung Karki | Dr.Sharada Khadka | Dr.Rikesh Jung Karki | |
| | Dr.Rajesh Psd. Sah | Dr.Rupesh Psd. Sah | Dr. Abhijeet Kumar | Dr.Rupesh Psd. Sah | Dr. Abhijeet Kumar | |
| | Dr. Abhijeet Kumar | Dr.Nirmal Psd. Sah | Dr.Bhawani Khanal | Dr.Nirmal Psd. Sah | Dr.Alok Dahal | |
| | Dr.Bhawani Khanal | Dr.Vijay Shrestha | Dr.Samir Chaudhary | Dr.Vijay Shrestha | Dr.Bhawani Khanal | |
| | Dr.Samir Chaudhary | | | | Dr.Samir Chaudhary | |
| GI Surgery | | Prof.Dr.Shailesh Adhikary | | Prof.Dr.Shailesh Adhikary | | |
| | | Dr.Kunal Bikram Deo | | Dr.Kunal Bikram Deo | | |
| CTVS | | Dr.Lokesh S, Jaiswal | | Dr.Lokesh S. Jaiswal | | |
| | | Dr.Bijay Sah | | Dr.Bijay Sah | | |
| Otorhinolaryngology and Head & Neck Surgery (ENT) | Prof.Dr.Sangita Bhandary | Prof.Dr.Sangita Bhandary | Prof.Dr.Shyam Thapa Chettri | Prof.Dr.Shyam Thapa Chettri | Prof.Dr.Sangita Bhandary | Prof.Dr.Shyam Thapa Chettri |
| | Dr.Deepak Paudel | Dr.Deepak Paudel | Dr.Shankar Psd. Shah | Dr.Shankar Psd. Shah | Dr.Deepak Paudel | Dr.Shankar Psd. Shah |
| | Dr.Paras Raj Amatya | Dr.Paras Raj Amatya | Dr.Sudeep Mishra | Dr.Sudeep Mishra | Dr.Paras Raj Amatya | Dr.Sudeep Mishra |
| Dermatology& Venerology | Dr.Nidhi Shah | Dr.Dhan Keshar Khadka | Prof.Dr.Sudha Agrawal | Dr.Prajwal Pandey | Dr.Dhan Keshar Khadka | Prof.Dr.Sudha Agrawal |
| Obstetrics &Gynaecology | Dr.Pappu Rijal | Dr.Pappu Rijal | Dr.Pappu Rijal | Dr.Baburam Dixit Thapa | Dr.Achala Thakur | |
| | Dr.Ramesh Shrestha | Dr.Ramesh Shrestha | Dr.Ramesh Shrestha | Dr.Tulasa Basnet | | |
| | Dr.Baburam Dixit Thapa | Dr.Baburam Dixit Thapa | Dr.Baburam Dixit Thapa | | | |
| | Dr.Tulasa Basnet | Dr.Tulasa Basnet | Dr.Tulasa Basnet | | | |

***Source: Hospital Administration/Concerned Departments***

## OPD Schedule of B.P. Koirala Institute of Health Science, Dharan, Nepal

| Department | Sunday | Monday | Tuesday | Wednesday | Thursday | Friday |
|---|---|---|---|---|---|---|
| Ophthalmology (Eye) | Prof. Dr. Poonam Lavaju | Dr. Shailesh Mani Pokharel | Dr. Shailesh Mani Pokharel | Dr. Sangeeta Shah | Prof. Dr. Poonam Lavaju | Dr. Shailesh Mani Pokharel |
| | Dr. Sangeeta Shah | | | | Dr. Sangeeta Shah | |
| | | | | | | |
| Psychiatry | Prof. Dr. Dhana Ratna Shakya | Prof.Dr. Baikuntha Raj Adhikari | Prof. Dr. Dhana Ratna Shakya | Dr.Madhur Basnet | Dr. Rinku Gautam Joshi | Prof.Dr. Baikuntha Raj Adhikari |
| | Dr. Madhur Basnet | Dr. Rinku Gautam Joshi | Dr. Sanjeev Kumar Mishra | Dr. Suraj Nepal | Dr.Madhur Basnet | Dr. Rinku Gautam Joshi |
| | Dr. Sanjeev Kumar Mishra | Dr. Suraj Nepal | Dr. Suren Limbu | Dr. Suren Limbu | Dr.Sanjeev Kumar Mishra | Dr. Suraj Nepal |
| | Dr. Suren Limbu | Dr. Binod K. Deo (Psychology) | Dr. Rajesh Kumar (Psychology) | Dr.Binod K. Deo (Psychology) | Dr. Rajesh Kumar (Psychology) | Dr. Binod Kumar Deo (Psychology) |
| | Dr. Rajesh Kumar (Psychologist) | | | | | |
| Orthopaedics | Prof.Dr.Guru Psd. Khanal | Prof.Dr.Raju Rijal | Prof.Dr.Bikram Prasad. Shrestha | Prof.Dr.Guru Psd. Khanal | Prof.Dr.Raju Rijal | Prof.Dr.Bikram Prasad. Shrestha |
| | Prof.Dr.Pashupati Chaudhary | Dr.Rosan Prasad Shah Kalawar | Dr.Rajiv Maharjan | Prof.Dr.Pashupati Chaudhary | Dr.Rosan Prasad Shah Kalawar | Dr.Rajiv Maharjan |
| | Dr.Pramod Baral | Dr.Jitendra Shah | Dr.Amit Limbu | Dr.Pramod Baral | Dr.Jitendra Shah | Dr.Amit Limbu |
| | Dr.Ashish Pandey | Dr. Yam Bahadur Gurung | | Dr.Ashish Pandey | Dr. Yam Bahadur Gurung | |
| Internal Medicine | Prof. Dr. Sanjib Kumar Sharma | Dr. Robin Maskey | Prof. Dr. Sanjib Kumar Sharma | Dr. Soniya Dulal | Dr. Robin Maskey | Dr. Soniya Dulal |
| | Dr. Bhupendra Shah | | Dr. Bhupendra Shah | | | |
| Cardiology | Dr.Jit Prasad Ghimire | Dr. Navin Kumar Pandey | Dr.Jit Prasad Ghimire | Dr. Navin Kumar Pandey | Dr.Jit Prasad Ghimire | Dr. Navin Kumar Pandey |
| Gastroenterology& Hepatology | | Prof. Dr. Bickram Pradhan | | | Prof. Dr. Bickram Pradhan | |
| | | Dr. Sandip Bajracharya | | | Dr. Sandip Bajracharya | |
| Pulmonology,Critical Care and Sleep Medicine | Prof. Dr. Narendra Bhatta | | Prof. Dr. Narendra Bhatta | | | |
| | Dr. Deebya Raj Mishra (L) | | Dr. Deebya Raj Mishra (L) | | | |
| | Dr.Rejina Shahi | | Dr. Rejina Shahi | | | |
| | Dr.Avatar Verma | | Dr.Avatar Verma | | | |
| General Surgery | Dr. Suresh Prasad Sah | Prof. Dr. Rakesh Kumar Gupta | Dr. Suresh Prasad Sah | Prof. Dr. Rakesh Kumar Gupta | Dr. Suresh Prasad Sah | Prof. Dr. Rakesh Kumar Gupta |
| | Dr. Sharada Khadka | Dr. Rikesh Jung Karki | Dr. Sarada Khadka | Dr. Rikesh Jung Karki | Dr. Sarada Khadka | Dr. Rikesh Jung Karki |
| | Dr. Rupesh Prasad Sah | Dr. Rajesh Prasad Sah | Dr. Rupesh Prasad Sah | Dr. Rajesh Prasad Sah | Dr. Rupesh Prasad Sah | Dr. Rajesh Prasad Sah |
| | Dr. Nirmal Prasad Sah | Dr. Abhijeet Kumar | Dr. Nirmal Prasad Sah | Dr. Abhijeet Kumar | Dr. Nirmal Prasad Sah | Dr. Abhijeet Kumar |
| | Dr. Vijay Shrestha | Dr. Alok Dahal | Dr. Vijay Shrestha | Dr. Alok Dahal | Dr. Vijay Shrestha | Dr. Alok Dahal |
| | | Dr. Bhawani Khanal | | Dr. Bhawani Khanal | | Dr. Bhawani Khanal |
| | | Dr. Samir Chaudhary | | Dr. Samir Chaudhary | | Dr. Samir Chaudhary |
| | | Dr.Awaj Kafle | | Dr.Awaj Kafle | | Dr.Awaj Kafle |
| GI Surgery | Prof. Dr. Shailesh Adhikary | | Prof. Dr. Shailesh Adhikary | | Prof. Dr. Shailesh Adhikary | |
| | Dr. Kunal Bikram Deo | | Dr. Kunal Bikram Deo | | Dr. Kunal Bikram Deo | |
| CTVS | | | Dr. Lokesh Shekhar Jaiswal | | Dr. Lokesh Shekhar Jaiswal | |
| | | | Dr. Bijay Sah | | Dr. Bijay Sah | |
| Otorhinolaryngology and Head & Neck Surgery (ENT) | Prof. Dr. Shyam Thapa | Prof. Dr. Shyam Thapa | Prof. Dr. Sangita Bhandari | Prof. Dr. Sangita Bhandari | Prof. Dr. Shyam Thapa | Prof. Dr. Sangita Bhandari |
| | Dr. Shankar Prasad Sah | Dr. Shankar Prasad Sah | Dr. Deepak Paudel | Dr. Deepak Paudel | Dr. Shankar Prasad Sah | Dr. Deepak Paudel |
| | Dr. Sudeep Mishra | Dr. Sudeep Mishra | Dr. Paras Raj Amatya | Dr. Paras Raj Amatya | Dr. Sudeep Mishra | Dr. Paras Raj Amatya |
| Dertamatology& Venerology | Prof. Dr. Sudha Agrawal | Dr. Nidhi Sah | Dr. Dhan Keshar Khadka | Dr. Nidhi Sah | Prof. Dr. Sudha Agrawal | Dr. Dhan Keshar Khadka |
| | Dr. Prajwal Pandey | | Dr. Suchana Marahatta | | Dr. Prajwal Pandey | Dr. Suchana Marahatta |
| General Practice & Emergency Medicine | Dr. Rajani Giri | Dr. Rabin Bhandari | Dr. Rabin Bhandari | Dr. Ashok Yadav | Dr. Ajay K. Yadav | |
| | Dr. Ajay Kumar Yadav | Dr. Masum Paudel | Dr. Masum Paudel | Dr. Pramendra Gupta | Dr. Ritesh Chaudhary | |
| | Dr. Ritesh Chaudhary | Dr. Ashok Yadav | Dr. Rajani Giri | Dr. Bijaya Devi Aryal | Dr. Vijay K. Shrivastav | |
| | Dr. Bijaya Devi Aryal | Dr. Pramendra Gupta | Dr. Vijay K. Shrivastav | | | |
| Obstetrics & Gynaecology | Dr. Pritha Basnet | Dr. Pritha Basnet | Dr. Pappu Rijal | Dr. Pappu Rijal | Dr. Achala Thakur | Dr. Achala Thakur |
| | Dr. Baburam (Dixit) Thapa | Dr. Baburam (Dixit) Thapa | Dr. Punita Yadav | Dr. Punita Yadav | Dr. Anamika Das | Dr. Anamika Das |
| | Dr. Ramesh Shrestha | Dr. Ramesh Shrestha | Dr. Manoj Kumar Sah | Dr. Manoj Kumar Sah | Dr. Surya Prasad Rimal | Dr. Surya Prasad Rimal |
| | Dr.Tulasa Basnet | Dr.Tulasa Basnet | Dr. Jyotsna Yadav | Dr. Jyotsna Yadav | | |
| | Dr. Dipa Shah | Dr. Dipa Shah | | | | |
| Pediatrics & Adolescent Medicine | Dr. Shyam Prasad Kafle | Prof. Dr. Gauri S. Shah | Dr. Shipra Chaudhary | Prof. Dr. Nisha Keshari Bhatta | Prof. Dr. Prakash Paudel | Dr. Shankar Prasad Yadav |
| | Dr. Basant Rai | Dr. Shipra Chaudhary | Dr. Mukesh Bhatta | Dr. Arun Kumar Singh | Dr. Shyam Prasad Kafle | Dr. Basant Rai |
| | Dr. Mukesh Bhatta | Dr. Shankar Prasad Yadav | | | | Dr. Arun K. Singh |

*Source : Hospital Administration/Concerned Departments*

## Status of Operations done in Falgun, 2080

| Types of OT | Major | | Intermediate | | Minor | | Total |
|---|---|---|---|---|---|---|---|
| | General | Paying | General | Paying | General | Paying | |
| Routine | 365 | 363 | 39 | 86 | 102 | 33 | 988 |
| Obst. & Gynae | 321 | 38 | 1 | 0 | 91 | 17 | 468 |
| Emergency | 89 | 0 | 24 | 0 | 9 | 0 | 122 |
| Day Care | 0 | 0 | 10 | 20 | 51 | 79 | 160 |
| Derma * | 94 | 7 | 348 | 61 | 331 | 40 | 881 |
| **Total** | **869** | **408** | **422** | **167** | **584** | **169** | 2619 |

General OT : 1875 — *Number of safe abortion care service done : 37*

Paying OT: 744 — *Number of cases done in Cardiac Catheterization Laboratory: 137*

** Asthetic procedures included in minor: 85*

*Source:e Metron Office*


## सम्पादन समूह

प्रा.डा.पारस कुमार पोखरेल, प्रवक्ता
डा.अरूण कुमार सिंह, सह-प्रवक्ता
दिव्यराज थापा, शाखा अधिकृत
निरज पोखेल, सिनियर क्लर्क
सूचना तथा सञ्चार केन्द्र
फोन नं.:०२५-५२५५५५-४०००/२०९२
info.bpkihs@bpkihs.edu
spokesperson.bpkihs@bpkihs.edu